आज मिति २०८१ साल वैशाख महिनाको १४ गते शुक्रवारको दिन विहान ११:३० बजे विगु गाउँपालिकाका अध्यक्ष श्री सञ्जीव ओलीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीको उपस्थितिमा कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताव उपर छलफल गरी देहायानुसार निर्णय गरियो।

उपस्थितिः-

| क्र.सं. | नाम | पद | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|
| ०१ | सञ्जीव ओली | अध्यक्ष, गाउँपालिका | ९८५१००४२९५ | |
| ०२ | देविका थामी | उपाध्यक्ष, गाउँपालिका | ९८४४३९५६६३ | |
| ०३ | मेम बहादुर तमाङ | वडाध्यक्ष, वडा नं १ | ९८४४४६५१४९ | |
| ०४ | दिपक ठकुरी | वडाध्यक्ष, वडा नं २ | ९८४४३०६५७२ | |
| ०५ | ढाल बहादुर तमाङ | वडाध्यक्ष, वडा नं ३ | ९८६४००४१४७ | |
| ०६ | रामचन्द्र खड्का | वडाध्यक्ष, वडा नं ४ | ९८६३६३७४९८ | |
| ०७ | काले शेर्पा | वडाध्यक्ष, वडा नं ५ | ९८४४२३८४३० | |
| ०८ | टहल बहादुर थामी | वडाध्यक्ष, वडा नं ६ | ९८५४०४५९४० | |
| ०९ | दल वहादुर श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | ९८४९१६०३२१ | |
| १० | हिरा थामी | वडाध्यक्ष, वडा नं ८ | ९८६६४१९५१० | |
| ११ | लोक बहादुर नेपाली | कार्यपालिका सदस्य | ९८६४००२६५४ | |
| १२ | गोमा के.सी. | कार्यपालिका सदस्य | ९८४४१९६३९६ | |
| १३ | छिरिङ वाङ्दे शेर्पा | कार्यपालिका सदस्य | ९८५१०५३४६१ | |
| १४ | ज्योतिमाया थामी | कार्यपालिका सदस्य | ९८४४५५५८९९ | |
| १५ | टलमाइ तमाङ | कार्यपालिका सदस्य | ९८६६४३८१०१ | |
| १६ | मैयाँ नेपाली | कार्यपालिका सदस्य | ९८६०४१००६५ | |
| १७ | लक्ष्मीप्रसाद रिजाल | नि. प्रमुख प्रशासकीय अधिकृत | ९८४१५०४९६३ | |
| १८ | | | | |

मिति २०८१।१।१४ गतेको विगु गाउँपालिकाको कार्यपालिकाको बैठकको निर्णयहरु :

प्रस्तावहरु :

१ गाउँपालिकाको अस्पताल निर्माण सम्बन्धमा ।

२ गाउँपालिकाको निर्माणाधीन भवनको म्याद थप सम्बन्धमा ।

३ खानेपानीको मुहान दर्ताको सूचना अवधि सम्बन्धमा ।

४ सुनार धारा खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सम्बन्धमा ।

५. सवारी भाडामा लिने सम्बन्धमा ।

६. ०८ न वडा भवन निर्माण सम्बन्धमा ।

७. ढुङ्गाखानी सञ्चालन र छुट पूँजी सम्बन्धमा ।

८. शिक्षक सरुवा सम्बन्धमा ।

नि. प्रमुख प्रशासकीय अधिकृत

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

निर्णयहरु

१. प्रस्ताव न ०१ उपर छलफल गर्दा यस गाउँपालिकामा अस्पताल निर्माणको लागि गाउँपालिकाको वडा न ०४ मा रहेको निर्माणाधीन भवनसँगै यसअघि अस्पताल निर्माण डिजाइन भइसकेकोमा सो स्थानमा कम्तीमा १५ शैय्याको अस्पताल निर्माणका लागि पुन प्राविधिक नापजाँच गराइ नापनक्सा र अस्पताल निर्माणका लागि अनुमानित लागतसहित सङ्घीय सरकारसँग माग गर्ने निर्णय गरियो।

२. प्रस्ताव न ०२ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०४, लादुक च्यानेमा निर्माणाधीन गाउँपालिका भवन, ठेक्का न BRM/NCB/BUILDING/WORKS/DOLAKHA/12/2077/78 Construction of Bigu Gaupalika Building का लागि मिति २०७७।१०।०५ गते दुइपक्षीय सम्झौता भइ मिति २०७९।०६।३१ गते कार्यसम्पन्न गर्नुपर्ने अन्तिम म्याद भएता पनि स्थानीय तहको निर्वाचन, कोरोना महामारी, लादुक बुलुङ ओराङ सडक खण्डमा पहिरो, भीमकाय ढुङ्गा लगायतका समस्याले वर्षायाममा सामग्री ढुवानीमा समस्या भएको कारणले काम गर्न ढिला भइ २०८० पुष मसान्तसम्म थप गरिएको म्याद समाप्त भएको र सार्वजनिक खरिद तेहौँ सशोधन नियमावली, २०८० अनुसार र ठेकेदार कम्पनीले पेश गरेको कार्यतालीका अनुसार २०८१ असार मसान्तसम्म कार्यसम्पन्न हुने देखिएकोले सो अवधिसम्मको लागि म्याद थप गर्ने भनी निर्णय गरियो।

३. प्रस्ताव न ०३ उपर छलफल गर्दा यस गाउँपालिकामा खानेपानीको मुहान दर्ताका लागि खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले आवेदन दिए पश्चात् सो को निर्णय गाउँ कार्यपालिकाको बैठकबाट भइ खानेपानीको मुहानले सो स्थानमा बसोबास गर्ने कोही कसैलाइ असर पुग्ने नपुग्ने र वातावरणीय रुपमा कुनै असर पर्ने भएमा सो उपर निवेदन दिनका लागि यसअघि गाउँपालिकाबाट ३५ दिने सूचना निकाल्ने गरिएकोमा अबका दिनमा १५ दिनको मात्र समय दिएर सूचना निकाल्ने भनी निर्णय गरियो ।

४. प्रस्ताव न ०४ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०२, वराङमा गठन भएको सुनार धारा खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले सस्था दर्ताका लागि यस गाउँपालिकामा आवश्यक सम्पूर्ण कागजातसहित आवेदन दिएकोमा सो समितिलाइ नियमानुसार सस्था दर्ताको अनुमति दिने भनी निर्णय गरियो ।

५. प्रस्ताव न ०५ उपर छलफल गर्दा यस कार्यालयमा हाल उपलब्ध कार्यालयका सवारी साधन अपर्याप्त भएका, हाल तत्काल नयाँ गाडी खरिद गर्नका लागि बजेटको अभाव भएको हुँदा कार्यालयलाइ

नि. प्रमुख प्रशासकीय अधिकृत

बिगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७४

आवश्यकता परेको बेला विद्युतीय गाडी लगायतका अन्य सवारी साधन वा गाडी भाडामा लिने भनी निर्णय गरियो ।

६. प्रस्ताव न ०८ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०८ को वडा कार्यालय भवन निर्माणका सन्दर्भम०८ न वडा कार्यालयबाट प्राप्त निर्णयको माइन्युट बमोजिम वडा कार्यालय भवन निर्माण गर्नका लागि जि.पि.एस. को आधारमा सेन्टर प्वाइन्टको रेखाङ्कन गर्दा वडा कार्यालयको भवन च्यानडाँडामा निर्माण गर्नु उपयुक्त देखिएको साथै वडा कार्यालय भवन निर्माणका लागि वडा न ०८ निवासी श्री मानबहादुर नेपालीको नाममा दर्ता श्रेस्ता कायम भएको साविक वडा न ०५ को किता न १८३ को जग्गाबाट वडा कार्यालय बनाउन आवश्यक जग्गा उपलब्ध गराउन मान बहादुर नेपालीको एकमात्र छोरा लोक बहादुर नेपाली इच्छुक भएको साथै सोही वडाको भएकोमा सो स्थानमा वडा कार्यालय निर्माणको लागि चारकिल्ला छुट्याउन साथै आवश्यक नापजाँचका लागि जिल्ला नापी कार्यालय, चरिकोट, दोलखामा अमिन माग गर्नका लागि सिफारिस गर्ने निर्णय गरियो।

७. प्रस्ताव न ०७ उपर छलफल गर्दा यस गाउँपालिकाको वडा न ०६ मा विगतका दिनमा ढुङ्गाखानी सञ्चालन हुँदै आएको तथा सो खानी हाल लामो समयदेखि बन्द भएकोमा त्यहाँ ढुङ्गाखानी सञ्चालनका लागि पुन आवश्यक प्रकृया अगाडि बढाउने साथै छुट पूर्जी समेत उपलब्ध गराउने भनी निर्णय गरियो ।

८. प्रस्ताव न ०८ उपर छलफल गर्दा यस गाउँपालिकाभित्र सञ्चालित सामुदायिक विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात हेर्दा केही विद्यालयहरुमा विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी वा सङ्ख्या कम भएको र केही विद्यालयमा बढी भएको पाइएकोले आवश्यकताभन्दा बढी शिक्षक भएको विद्यालयबाट कम भएको विद्यालयमा शिक्षक सरुवा गरी लैजाने साथै केही विद्यालयहरुका शिक्षकहरुको कार्यसम्पादन उचित नदेखिएकोमा ती शिक्षकहरुलाइ अन्य विद्यालयमा सरुवा लैजानका लागि गाउँ शिक्षा समितिको बैठक बसी शिक्षक सरुवासम्बन्धी आवश्यक कार्य अगाडि बढाउने भनी निर्णय गरियो ।

नि. प्रमुख प्रशासकीय अधिकृत